आज मिति २०७८।५।४ गते बागमती प्रदेशका प्रमुख सचिव श्री किरण राज शर्माज्यूको अध्यक्षतामा प्रदेश सचिवहरु सहितको बैठक बसी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थित पदाधिकारीहरु

१. प्रमुख सचिव श्री किरण राज शर्मा
२. सचिव श्री कृष्ण हरि खड्का
३ प्रदेश सचिव श्री राधिका अर्याल
४. प्रदेश सचिव श्री प्रदीप कुमार कोइराला
५. प्रदेश सचिव श्री इन्दुराज घिमिरे
६. प्रदेश सचिव श्री मदन भुजेल
७. प्रदेश सचिव डा. ~~श्री~~ सिन्धु प्रसाद ढुंगाना
८. प्रदेश सचिव श्री यज्ञ प्रसाद ढुंगेल
९. प्रदेश सचिव डा. प्रतिमा वैद्य
१०. प्रदेश सचिव श्री संजिव बराल

<u>मिति २०७८।०५।०४ को प्रदेश सचिव बैठकबाट भएका निर्णयहरु</u>

१. मिति २०७८।०४।२० गतेको बैठकका निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

२. चालु आ.व. २०७८।७९ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यको बुँदाहरुको कार्यान्वयन कार्ययोजना तयार गर्ने तथा उक्त कार्ययोजना कार्यान्वयनको लागि आवश्यक मापदण्ड, कार्यविधि तथा निर्देशिका भाद्र मसान्त भित्र सम्ममा तयार गरी सक्ने।

३. आ.व. २०७७।७८ को लागि माननीय मुख्यमन्त्री तथा मा.मन्त्रिज्यूबीच भएको कार्यसम्पादन करार सम्झौताको स्वमूल्यांकन विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा १५ दिन भित्र उपलब्ध गराउने ।

४. विषयगत मन्त्रालयबाट सम्मानित अदालतमा पठाउनुपर्ने लिखित जवाफ/प्रतिउत्तर लगायतका विवरणहरु तोकिएको समयभित्र उपलब्ध गराउने अनिवार्य व्यवस्था गर्ने र सो को एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने । यस्ता विषयमा सम्वेदनशिल लिखित जवाफ, प्रतिउत्तर भएमा अन्तरनिकाय छलफल गरी तयारी गर्ने ।

५. प्रदेशको २०७४ फागुन देखि २०७८ साउन मसान्तसम्ममा प्राप्त भएका मुख्य उपलब्धीको विषयगत विवरणको सफटकपी र हार्डकपी १ महिनाभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

६. नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा मिति २०७८।०५।१३ मा वसेको सचिव बैठकको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

२०७८।५।४

Scanned with CamScanner